सूचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

# २०७६ श्रावण-२०७७ असार
# सम्पादित प्रमुख क्रियाकलापहरूको विवरण

नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय

महेन्द्रनगर, कञ्चनपुर

# स्वतः प्रकाशन
# (Proactive Disclosure)

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय कञ्चनपुर

नेपालको संविधानको  धारा २७ मा रहेको सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको छ । सोही कानूनी व्यवस्थाको पालनाका साथै जिल्लामा नेपाल सरकारको प्रतिनिधिका रुपमा रहेको जिल्ला प्रशासन कार्यालय कञ्चनपुरबाट भए गरेका काम कारवाहीहरुको यथार्थ जानकारी आम नागरिकहरुमा होस् भन्ने अभिप्रायका साथ यस कार्यालयबाट आ.व. २०७६ श्रावण देखि २०७७ आषाढ मसान्त सम्म सम्पादन भएका कामको विवरण यहाँ प्रस्तुत गरिएको छ ।

मिति २०७७।४।१४

जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर



०७७।४।१४
कृष्णानन्द जोशी
प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

# विषय-सूची


१. जिल्ला प्रशासन कार्यालय कञ्चनपुरको स्वरूप र प्रकृति ........ ४

२. जिल्ला प्रशासन कार्यालय कञ्चनपुरको काम, कर्तव्य र अधिकार ........ ५

३. जिल्ला प्रशासन कार्यालय, कन्चनपुरमा रहने कर्मचारी संख्या र कार्य विवरण ........ ५

क. जिल्ला प्रशासन कार्यालयको दरवन्दी संख्या ........ ५

ख. जिल्ला प्रशासन कार्यालय अन्तर्गत रहेका फाँट र शाखाहरु ........ ६

४. जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरबाट प्रदान गरिने सेवा ........ ६

क. स्थानीय प्रशासन तथा शान्ति सुरक्षा सम्बन्धी ........ ६

ख. राहदानी सम्बन्धी सेवाः ........ ६

ग. नागरिकता सम्बन्धी सेवाः ........ ७

घ. मुद्धा तथा ठाडो उजुरी सम्बन्धी : ........ ७

ङ. हातहतियार इजाजत तथा नवीकरण र स्वामित्व हस्तान्तरणः ........ ७

च. संस्था दर्ता तथा नवीकरण सम्बन्धी सेवाः ........ ७

छ. आपूर्ति व्यवस्था अनुगमन सम्बन्धी सेवाः ........ ७

ज. विपद् व्यवस्थापन सम्बन्धी सेवाः ........ ७

झ. सवारी पास सम्बन्धी ........ ८

५. जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरमा रहेका शाखा र जिम्मेवार अधिकारी ........ ८

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ........ ९

क. दस्तुर र अवधि ........ ९

ख. जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरको नागरिक बडापत्र ........ १०

७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी ........ १६

क) निर्णय गर्ने प्रक्रिया ; ........ १६

ख) निर्णय गर्ने अधिकारीः ........ १६

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी ........ १६

९. सम्पादन गरेको कामको विवरण ........ १६

क. नागरिकता वितरण सम्वन्धी विवरण ........ १६

ख. राहदानी वितरण सम्वन्धी ........ १६

ग. सिफारिस/प्रमाणित सम्वन्धी विवरण ........ १७




४।१५
कृष्णानन्द जोशी
प्रशासकिय अधिकृत

घ. मुद्धाको विवरण ........ १७
ङ. जनगुनासो ठाडो उजुरी सम्बन्धी विवरण ........ १७
च. द्वन्द्व व्यवस्थापन सम्बन्धी विवरण ........ १७
छ. संघ/संस्था दर्ता/नविकरण व्यवस्थापन सम्बन्धी विवरण ........ १८
ज. हातहतियार नविकरण सम्बन्धी विवरण ........ १८
झ. पत्रपत्रिका दर्ता सम्बन्धी विवरण ........ १८
ञ. विपद घटना सम्बन्धी विवरण ........ १८
ट. राष्ट्रिय परिचय पत्र वितरण संकलन ........ १९
ठ. सवारी पास जारी ........ १९
१०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद ........ १९
क. कार्यालय प्रमुख : ........ १९
ख. सूचना अधिकारी : ........ १९
११. ऐन, नियम र निर्देशिकाको सूची ........ १९
१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण ........ २१
क. राजश्व संकलन सम्बन्धी विवरण ........ २१
ख. कार्यालय खर्च सम्बन्धी विवरण ........ २१
ग. राष्ट्रिय परिचय पत्र वितरण कार्यक्रम तर्फ ........ २१
१३. तोकिए बमोजिमका अन्य विवरण ........ २२
क. कोभिड-१९ प्रतिकार्यका लागि भएका क्रियाकलापहरूको विवरण ........ २२
ख. कोभिड-१९ सम्बन्धी जिल्लाको तथ्याङ्क ........ ३०
ग. अन्य विवरण ........ ३१
घ. सूचना अधिकारी तथा कार्यालय प्रमुखको नामावली तथा सम्पर्क नं. ........ ३१
१४. अघिल्लो आ.व.मा सञ्चालित कार्यक्रमहरू ........ ३५
१५. जिल्ला प्रशासन कार्यालय कञ्चनपुरको वेभसाइट ........ ३५
१६.जिल्ला प्रकाशन कार्यालय कञ्चनपुरले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण ...... ३५
१७.जिल्ला प्रकाशन कार्यालय कञ्चनपुरले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन ........ ३५
१८.जिल्ला प्रकाशन कार्यालय कञ्चनपुरले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि. ३५
१९.जिल्ला प्रकाशन कार्यालय कञ्चनपुरमा परेका सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय ........ ३५
२०.जिल्ला प्रकाशन कार्यालय कञ्चनपुरको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण ........ ३५



कृष्णानन्द जोशी
प्रशासकिय अधिकृत

## १. जिल्ला प्रशासन कार्यालय कञ्चनपुरको स्वरूप र प्रकृति

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

वि.स.२००७ साल प्रजातन्त्रको प्रार्दूभाव पश्चात चुस्त एव विकेन्द्रित प्रशासनको आवश्यकता महसूस गरी वडाहाकिमहरूको नियुक्ति गरिएको पाईन्छ । यसै क्रममा गढी, गौंडा र गोश्वाराको रूपमा गृह प्रशासनको कार्य सञ्चालन भएको थियो । नेपालको संविधान २०१९ अनुसार नेपाललाई १४ अंचल, ७५ जिल्ला र ५ विकास क्षेत्रमा विभाजन गरियो । स्थानीय प्रशासनलाई विकेन्द्रित प्रशासन व्यवस्था अनुरूप सञ्चालन गर्न वि.स. २०२५ सालमा अञ्चलाधिशको कार्यालयबाट नागरिकता जारी भएका रेकर्डहरु पाईन्छ । स्थानीय प्रशासन ऐन, २०२८ लागु भएपश्चात् उक्त ऐनको दफा ५ ले जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था गरे अनुसार कञ्चनपुर जिल्लामा पनि जिल्ला प्रशासन कार्यालयको स्थापना भएको हो । यस कार्यालयको ठेगाना कञ्चनपुर जिल्लाको भीमदत्त नगरपालिकामा रहेको छ ।

जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासनको मुख्य कार्य हो । यस कार्यालयका काम, कर्तव्य र अधिकारहरुलाई मूलतः स्थानीय प्रशासन ऐन, २०२८ ले व्यवस्था गरेको छ। संघ, प्रदेश र स्थानीय तहबाट जिल्लास्तरमा हुने विकासका कार्यमा समन्वय र सहजीकरण, एंव स्थानीय र प्रदेश सरकारका कानून कार्यान्वयनमा आवश्यक सहयोग पुऱ्याउने, विपद् व्यवस्थापन, आपूर्ति व्यवस्थापन एवं वस्तु तथा सेवाको गुणस्तरीयताको सुनिश्चितता प्रदान गर्ने, स्वच्छ बजार प्रवर्द्धनको लागि बजार अनुगमन गर्ने र उपभोक्ता हित संरक्षणमा सरोकारवाला निकायबीच उचित समन्वय गर्ने तथा सेवा प्रवाहको अनुगमन गर्ने, प्रचलित कानूनमा तोकिएका विषयहरुमा न्याय निरुपण, आर्थिक अनियमितता एवं भ्रष्टाचार नियन्त्रण जस्ता कार्यहरु सम्पादन गरी जिल्लामा सुशासनको लागि जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको छ ।

जिल्ला प्रशासन कार्यालय, कञ्चननपुरले यस जिल्लालाई शान्त, सुरक्षित र समुन्नत बनाउने दूरदृष्टि का साथ विधिको शासन अवलम्बन गरी शान्ति सुरक्षाको अवस्थालाई प्रभावकारी बनाउँदै प्रभावकारी सेवा प्रवाहको माध्यमबाट सुशासनको प्रत्याभूति गर्ने लक्ष्यहरु लिएर काम गरिरहेको छ । यी लक्ष्यहरु प्राप्तिका लागि यस कार्यालयले सुरक्षा निकायको समन्वयात्मक परिचालनद्वारा जिल्लामा शान्ति सुरक्षाको स्थितिलाई सुदृढ बनाउने, जिल्लामा विधिको शासन सुनिश्चित गर्ने, विपद्को एकीकृत र समन्वयात्मक व्यवस्थापन गर्ने, आपूर्ति व्यवस्थापनलाई चुस्त बनाउने, सेवा प्रवाहलाई प्रभावकारी बनाउने, मानव अधिकारको संरक्षण गर्ने र पारदर्शिता एवं जवाफदेहिता सुनिश्चित गर्ने उद्धेश्य लिएको छ ।

कृष्णानन्द जोशी
प्रशासकिय अधिकृत

२. जिल्ला प्रशासन कार्यालय कञ्चनपुरको काम, कर्तव्य र अधिकार

क. जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्ने ।

ख. जिल्लामा सञ्चालित विकासका कार्यक्रमहरुमा सहयोग र समन्वय गर्ने ।

ग. जिल्लामा रहेका नेपाल सरकारका सम्पत्तिहरुको संरक्षण गर्ने ।

घ. जिल्लामा आइपर्ने विपद्हरुको व्यवस्थापन गर्ने ।

ङ. जिल्लामा वस्तु तथा सेवाहरुको आपूर्तिलाई व्यवस्थित गर्ने ।

च. जिल्लास्थित सार्वजनिक निकायहरुको कार्यसम्पादनमा समन्वय गर्ने ।

छ. प्रचलित कानूनले तोकिएका विषयहरुमा न्याय निरुपण गर्ने ।

ज. नेपाली नागरिकताको प्रमाणपत्र वितरण गर्ने ।

झ. हातहतियारको इजाजत प्रदान तथा नवीकरण गर्ने ।

ञ. राहदानी सम्बन्धी कार्य गर्ने ।

ट. संस्था दर्ता तथा नवीकरण गर्ने ।

ठ. प्रचलित कानून र नेपाल सरकारको निर्देशन बमोजिम अन्य विविध कार्यहरु गर्ने ।

३. जिल्ला प्रशासन कार्यालय, कन्चनपुरमा रहने कर्मचारी संख्या र कार्य विवरण

क.जिल्ला प्रशासन कार्यालयको दरवन्दी संख्या

| सि.नं. | पद/श्रेणी | दरवन्दी | कैफियत |
|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | १ | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | १ | |
| ३ | प्रशासकिय अधिकृत | ३ | |
| ४ | नायव सुव्वा | १० | |
| ५ | लेखापाल | १ | |
| ६ | खरिदार | ५ | |
| ७ | कम्प्युटर अपरेटर | ३ | १ करार २ रिक्त |
| ८ | हलुका सवारी चालक | २ | १ करार १ रिक्त |
| ९ | कार्यालय सहयोगी | ७ | ५ करार |
| कुल जम्मा दरवन्दी | | ३३ | |

कृष्णानन्द जोशी
प्रशासकिय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

ख. जिल्ला प्रशासन कार्यालय अन्तर्गत रहेका फाँट र शाखाहरु

| कोठा नं. | भुई तला | कोठा नं. | पहिलो तला | कोठा नं. | दोस्रो तला |
|---|---|---|---|---|---|
| १०१ | राहदानी/सूचना | २०१ | प्रशासकिय अधिकृत | ३०१ | सूचना तथा परामर्श |
| १०२ | स.प्र.जि.अ. | २०२ | आ.प्र.शाखा | ३०२ | प्रशासकिय अधिकृत |
| १०३ | प्रशासकिय अधिकृत | २०३ | प्र. जि. अ. | ३०३ | आपतकालिन शाखा |
| १०४ | राष्ट्रिय परिचय पत्र | २०४ | सभाहल | ३०४ | रिक्त |
| १०५ | सर्भर रुम | २०५ | मुद्दा फांट | ३०५ | भण्डार शाखा |
| १०६ | कम्प्युटर कक्ष | | | ३०६ | स्टोर |
| १०७ | नागरिकता फांट | २०७ | संघ/संस्था | ३०७ | स्टोर |
| | | २०८ | स्थानीय प्रशासन | | |

४. जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरबाट प्रदान गरिने सेवा

क. स्थानीय प्रशासन तथा शान्ति सुरक्षा सम्बन्धी

- नामथर, उमेर आदि प्रमाणित ।
- नाबालक परिचयपत्र जारी ।
- पारिवारिक पेन्सन शपथ पत्र, दुई नामथर र जन्ममिति प्रमाणित, रहलपहल सम्बन्धी सिफारिस ।
- दलित, आदिवासी र जनजाति प्रमाणपत्र ।
- पत्रपत्रिका दर्ता ।
- छापाखाना दर्ता ।
- पारिवारिक विवरण प्रमाणित ।
- नाता प्रमाणित ।
- विविध कार्य ।

ख. राहदानी सम्बन्धी सेवा:

- राहदानी फाराम संकलन ।
- द्रुत सेवाको लागि अभिलेख प्रमाणित ।
- राहदानी वितरण ।
- MRPको विवरण संशोधन ।



कृष्णानन्द जोशी
प्रशासकिय अधिकृत

ग. नागरिकता सम्बन्धी सेवा :

- वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र वितरण ।
- वैबाहिक अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्र वितरण ।
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वितरण ।
- नामथर, जन्म मिति संशोधन ।
- कर्मचारी परिवारको नाताले दिइने नागरिकताको प्रमाणपत्रको वितरण ।

घ. मुद्दा तथा ठाडो उजुरी सम्बन्धी :

- सार्वजनिक मुद्दा ।
- गुनासो वा ठाडो उजुरी ।

ङ. हातहतियार इजाजत तथा नवीकरण र स्वामित्व हस्तान्तरण :

- हातहतियार इजाजत, नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण ।

च. संस्था दर्ता तथा नवीकरण सम्बन्धी सेवा :

- संस्था दर्ता ।
- संस्था नवीकरण ।
- संस्थाको विधान संशोधन ।
- जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति ।

छ. आपूर्ति व्यवस्था अनुगमन सम्बन्धी सेवा :

- सहज आपूर्ति व्यवस्थापन सुनिश्चित गर्नको लागि बजार अनुगमन तथा नियमन ।

ज. विपद् व्यवस्थापन सम्बन्धी सेवा :

- जिल्ला विपद् व्यवस्थापन समितिको बैठक व्यवस्थापन ।
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण ।
- मनसुन पूर्व आपतकालीन कार्य  कार्ययोजना ।
- विपद् न्यूनीकरणका लागि तयारी ।
- विपदमा भएको क्षतिको विवरण संकलन ।
- विपदमा पीडित भएकाहरुलाई क्षतिपूर्ति एवं राहत वितरण तथा पुनस्थापना ।

कृष्णानन्द जोशी
प्रशासकिय अधिकृत

झ. सवारी पास सम्बन्धी :

- सार्वजनिक विदाको दिनमा सरकारी सवारी साधनलाई चलाउनका लागि औचित्यता र आवश्यकता हेरी सवारी सञ्चालन अनुमति दिने गरिएको । आवश्यकता अनुरुप अन्य सवारी साधनलाई पनि सञ्चालन अनुमति दिइने ।

## ५. जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरमा रहेका शाखा र जिम्मेवार अधिकारी

(२०७७ आषाढ मसान्तमा कार्यरत)

| सि.नं. | पद | नाम, थर | कोठा नं. | शाखा/फाँट | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्र.जि.अ. | श्री नूरहरि खतिवडा | २०३ | | |
| २ | स.प्र.जि.अ | श्री गोकर्ण प्रसाद उपाध्याय | १०२ | | |
| ३ | प्र.अ. | श्री कल्पना भट्ट | १०३ | नागरिकता/प्रशासन | |
| ४ | प्र.अ. | श्री खगेन्द्र भारती | २०१ | नागरिकता/प्रशासन | |
| ५ | प्र.अ. | श्री कृष्णानन्द जोशी | २०१ | नागरिकता/प्रशासन | |
| ६ | ले.पा. | श्री चन्द्रा कुमारी बिष्ट | २०२ | लेखा | |
| ७ | ना.सु. | श्री पदम राज भट्ट | २०५ | मुद्दा, | |
| ८ | ना.सु. | श्री ओमकार साउद | १०७ | नागरिकता | |
| ९ | ना.सु. | श्री मन्जु विष्ट | १०१ | नागरिकता | |
| १० | ना.सु. | श्री भाष्कर दत्त भट्ट | २०८ | नागरिकता | |
| ११ | ना.सु. | श्री गोपाल सिंह पुजारा | १०७ | मुद्दा | |
| १२ | ना.सु. | श्री आरती जोशी | १०७ | स्थानीय प्रशासन | |
| १३ | ना.सु | श्री दिपिका विष्ट | १०१ | ना. प्रतिलिपी | |
| १४ | ना.सु. | श्री मान वहादुर वोहरा | १०१ | राहदानी | |
| १५ | ना.सु. | श्री केशव दत्त भट्ट | २०८ | स्थानीय प्रशासन | |
| १६ | खरिदार | श्री गीता जोशी | १०७ | राहदानी | |
| १७ | खरिदार | श्री लोकेन्द्र कुमार हमाल | १०७ | स्थानीय प्रशासन | |
| १८ | खरिदार | श्री महेश्वरी जोशी विष्ट | २०५ | नगरिकता | |
| १९ | खरिदार | श्री निर विक्रम सिंह | २०८ | नगरिकता | |
| २० | क.अ. | श्री राजेन्द्र प्रसाद जोशी | १०६ | कम्प्युटर | |
| २१ | ह.स.चा. | श्री टंक बहादुर दियाल | | | |
| २२ | का.स. | श्री गम्भीरसिंह बोहरा | | | |
| २३ | का.स. | श्री उमाकान्त रिजाल | | स्थानीय प्रशासन | |
| २४ | का.स. | श्री देव सिंह धामी | | | |
| २५ | का.स. | श्री रामकृष्ण चौधरी | | नागरिकता | |
| २६ | का.स. | श्री ईश्वर दत्त पन्त | | मुद्दा, | |
| २७ | माली | श्री दान बहादुर बोहरा | १०७ | दर्ता चलानी | |
| २८ | का.स. | श्री शंकर दत्त अवस्थी | १०७ | नागरिकता | (अन्यत्र बाट तलब भुक्तानी हुने र यस कार्यालयमा कार्यरत कर्मचारी) |
| २९ | का.स. | श्री माया शर्मा | २०३ | पि.ए. | |
| ३० | सु.भा. | श्री अन्जना तामाङ्ग | १०७ | नागरिकता | |



कृष्णानन्द जोशी
प्रशासकिय अधिकृत

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

क. दस्तुर र अवधि

| सि.न. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर रु. | लाग्ने अवधि | कैफियत |
|---|---|---|---|---|
| १. | वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र | रु. १० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| २. | नागरिकताको प्रतिलिपि वितरण | रु.१३ को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ३. | वैवाहिक अंगीकृत नागरिकताको प्रमाणपत्र वितरण | रु.१० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ४. | राहदानी फाराम संकलन | नाबालकः रु.२५००।-<br>साधारणः रु. ५०००।- | प्रक्रिया पुगेकै दिन | |
| ५. | द्रूत सेवा अभिलेख प्रमाणित | | प्रक्रिया पुगेकै दिन | |
| ६. | राहदानी वितरण | | प्राप्त भएपछि तुरुन्तै | |
| ७. | गुनासो वा ठाडो उजुरी | रु.१० को टिकट | यथाशीघ्र | |
| ८. | नामथर, उमेर आदि प्रमाणित | रु.१० को टिकट | प्रक्रिया पुगेपछि सोहि दिन | |
| ९. | नाबालक परिचयपत्र | रु.१० को टिकट | प्रक्रिया पुगेपछि सोहि दिन | |
| १०. | पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्बन्धी सिफारिस | रु.१० को टिकट | प्रक्रिया पुगेपछि सोहि दिन | |
| ११. | संस्था दर्ता | रु.१०००।- | सबै प्रक्रिया पुगेपश्चात सोहि दिन | |
| १२. | संस्था नबीकरण | रु.५००।–(म्याद गुज्रेमा तोकिएको जरिवाना लाग्ने) | सोहि दिन | |
| १३. | संस्थाको विधान संशोधन | रु.१० को टिकट | सोहि दिन | |
| १४. | जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति | रु.१० को टिकट | सोहि दिन | |
| १५. | दलित, मधेसी, आदिवासी जनजाति सिफारिस | रु.१० को टिकट | सोहि दिन | |
| १६. | पत्रपत्रिका दर्ता | दैनिक रु.१०००।–<br>साप्ताहिक रु.५००।–<br>पाक्षिक रु.३००।–<br>मासिक रु.२००।- | सबै प्रक्रिया पूरा भए पश्चात सोहि दिन | |
| १७. | छापाखाना दर्ता | रु.१०००।- | सबै प्रक्रिया पूरा भए पश्चात सोहि दिन | |
| १८. | हातहतियार नामसारी | रु.१०००।- | प्रक्रिया पुगेको पश्चात सोहि दिन | |
| १९. | हातहतियार जिल्ला भित्रको नवीकरण | रु.१५०।- | सबै प्रक्रिया पूरा भए पश्चात सोहि दिन | |
| २०. | हातहतियार नेपाल भरिको नवीकरण | रु.३००।- | सोहि दिन | |
| २१. | नामथर, जन्म मिति संसोधन | रु. १० को टिकट | सबै प्रक्रिया पूरा भए पश्चात सोहि दिन | |
| २२. | नाता प्रमाणित | रु.१० को टिकट | सोहि दिन | |
| २३. | क्षतिपूर्ति एवं राहत वितरण | रु.१० को टिकट | सबै कागजात पूरा भएपश्चात यथाशीघ्र | |
| २४. | सार्वजनिक शान्ति विरुद्धको कसूर सम्बन्धि मुद्धा | रु.१० को टिकट | कानून बमोजिम | |



कृष्णानन्द जोशी
प्रशासकिय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
प्रशासन कार्यालय
कञ्चनपुर

## ख. जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरको नागरिक बडापत्र

| सिं.न. | सेवाको विवरण | सेवा प्रदान गर्ने स्थान | कोठा नं. | सेवाग्राहीले पेश गर्नुपर्ने कागजात तथा पूरा गर्नु पर्ने प्रक्रिया | सेवा प्राप्त गर्दा लाग्ने | | जिम्मेवार व्यक्ति | गुनासोसुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | शुल्क | समय | | |
| १. | वंशजको आधारमा नागरिकता जारी गर्ने | नागरिकता शाखा | १०७ | • जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित गा.पा./न.पा.को सिफारिस साथ अनुसूची-१ बमोजिम ढाँचामा निवेदन।<br>• बाबु वा आमाको सनाखत।<br>• आमा वा बाबु नभए आफ्नो वंशतर्फका तीन पुस्ता भित्रको नातेदारको नागरिकताको प्रमाणपत्र र त्यसको प्रतिलिपि<br>• उक्त नातेदारसंगको नाता खुल्ने प्रमाणित पत्र र निजको सनाखत।<br>• जन्मदर्ता/शैक्षिक योग्यताको प्रमाण पत्र अनिवार्य।<br>• बसाइ सरी आएको भए बसाइ सराइको प्रमाण पत्र<br>• २ प्रति अटो साइजको फोटो<br><br>विवाहित महिलाको हकमा उल्लेखित कागजातको अतिरिक्त निम्न थप कागजातहरु पेश गर्नुपर्ने:<br><br>• विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपि।<br>• पति वा ससुराको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि<br>• पति वा सासु/ससुरा/जेठाजु/ देवरमध्ये कसैको सनाखत र सनाखत गर्ने व्यक्तिको नागरिकता<br>• माइती पट्टिको आमा/बुबा/दाजु/भाइ मध्ये एक जना र सो नभएमा दिदि/बहिनी मध्ये एक जनाको नागरिकताको प्रतिलिपि र नाता खुलेको प्रमाण<br>• नाता कायम भएको भए सो को प्रमाण<br>• जन्म दर्ता/शैक्षिक योग्यताको प्रमाणपत्र<br>• पतिको मृत्यु भएमा मृत्यु दर्ता प्रमाण पत्र | निवेदनमा रु.१०/- को टिकट | प्रमाण पुगेको हकमा सोही दिन | प्रशासकीय अधिकृत | स.प्र.जि.अ. |
| २. | वंशजको आधारमा नागरिकता जारी गर्ने (बाबु वा आमा वा तीन पुस्ता भित्रको कोही नातेदार) नहुनेको हकमा | नागरिकता शाखा | १०७ | • जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित गा.पा./न.पा.को सिफारिस साथ अनुसूची १ बमोजिम ढाँचामा निवेदन।<br>• नेपालमा जन्म भइ नेपालमै निरन्तर रुपमा स्थायी बसोवास भएको व्यहोरा खुल्ने स्थानीय वासिन्दाले गरिदिएको सिफारिस<br>• गा.पा./न.पा. बाट प्रमाणित अनुसूची ३ बमोजिमको ढाँचामा ५ जना स्थानीय वासिन्दाले गरिदिएको स्थालगत सर्जमीन<br>• सम्बन्धित वडामा बसोवास गर्ने ३ जना व्यक्तिले अनुसूची ४ बमोजिमको ढाँचामा जिल्ला प्रशासन कार्यालयमा गरिदिएको सनाखत (सर्जमीनमा बसेका बाहेक<br>• सर्जमीन तथा सनाखत गर्ने छव्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि<br>• जन्मदर्ता/शैक्षिक योग्यताको प्रमाण पत्र<br>• वाबु वा आमाको नागरिकता<br>• दावी विरोध सम्बन्धी तीनपुस्ते खुलाइ ७ दिने सूचना सार्वजनिक गर्ने<br>• आवश्यकताअनुसार थप बुझ्न सकिने<br>• २ प्रति अटो साइजको फोटो | निवेदनमा रु.१० को टिकट | आठ दिन भित्र | प्र.जि.अ | |
| ३. | वंशजको आधारमा नागरिकता जारी गर्ने (नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगाना नहुनेको हकमा) | गा.पा./न.पा. बाट सिफारिस भएको अनुसूची १ बमोजिम ढाँचाको निवेदन | | • गा.पा./न.पा. बाट सिफारिस भएको अनुसूची १ बमोजिम ढाँचाको निवेदन<br>• स्वीकृती प्राप्त बालमन्दिर वा अनाथालय वा संघ संस्थाको संरक्षणमा हुर्के बढेको भए त्यस्तो संस्थाको सिफारिस, संस्था प्रमुखको नागरिरकता र निजको सनाखत<br>• कुनै व्यक्तिले पालनपोषण गरेको भए पालन पोषण गर्ने व्यक्तिको नागरिकताको प्रमाण पत्रको आधिकारिकता यकिन गरी सोको प्रतिलिपि संलग्न गरी निजको सनाखत<br>• पितृत्व वा मातृत्व ठेगाना नभएको व्यहोराको सम्वन्धित गा.पा./न.पा को सिफारिस र प्रहरी प्रतिवेदन<br>• दावी विरोध सम्बन्धी ७ दिने सूचना प्रकासित भएको | निवेदनमा रु१०को टिकट | प्रमाण पुगेको हकमा सोही दिन | प्र.जि.अ. | |



कृष्णानन्द जोशी
प्रशासकिय अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | • २ प्रति अटो साइजको फोटो | | | | |
| ४. | कर्मचारीको नाताले नागरिकता प्रमाण पत्र प्रदान गर्ने | नागरिकता शाखा | १०७ | • अनुसूची १ बमोजिमको ढाँचामा दुई प्रति निवेदन<br>• बाबु वा आमाको नागरिकताको प्रतिलिपि<br>• बहाल रहेको कार्यालयको सिफारिस<br>• अन्यत्रबाट पहिले नागरिकता नलिएको ब्यहोरा खुलाई सम्बन्धित कर्मचारीको सनाखत गराउने<br>• जन्मदर्ता तथा शैक्षिक योग्यताको प्रमाण पत्र<br>• विवाहित महिलाको हकमा पतिको नागरिकता र विवाह दर्ता प्रमाण<br>• अल्लेखित कागजातका २/२ प्रति प्रतिलिपिहरु र फोटो | निवेदनमा रु.१० को टिकट | प्रमाण पुगेको हकमा सोही दिन | प्रशासकीय अधिकृत | स.प्र.जि.अ. |
| ५. | वैवाहिक अङ्गिकृत नागरिकता प्रदान गर्न | नागरिकता शाखा | १०७ | • गा.पा./न.पा.को सिफारिस साथ अनुसूची ७ बमोजिमको ढाँचाको निवेदन<br>• पतिको नागरिकता प्रमाण पत्रको प्रतिलिपि<br>• विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि<br>• विदेशी नागरिकता त्यागेको वा त्याग गर्न कारवाही चलाएको निश्सा<br>• भारत बाहेक अन्य देशका नागरिकका हकमा नेपाल आएको स्पष्ट देखिने राहदानी एवं भिसाको प्रतिलिपि<br>• उमेर खुल्ने प्रमाण<br>• पतिको मृत्यु भएको भए मृत्यु दर्ता प्रमाणपत्र र पतिसंग नाता खुल्ने तीन पुस्ता भित्रको व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र सनाखत<br>• पति वा अन्यको नागरिकताको आधिकारिकता एकिन गर्ने<br>• ऐनको अनुसूची बमोजिमको ढाँचामा सपथग्रहण | निवेदनमा रु.१० को टिकट | प्रमाण पुगेको हकमा सोही दिन | प्र.जि.अ. | |
| ६. | अङ्गिकृत नागरिकता सिफारिस (विदेशी नागरिक संग विवाह गरेकी नेपाली महिलाबाट जन्मिएको सन्तानको हकमा) | नागरिकता शाखा | १०७ | • गा.पा./न.पा.को सिफारिस साथ अनुसूची ७ बमोजिमको ढाँचाको निवेदन<br>• आमाको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि<br>• नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि<br>• बाबुको राष्ट्रियता खुल्ने प्रमाणपत्रको प्रतिलिपि<br>• बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता तथा नागरिक सुविधा नलिएको व्यहोरा खुल्ने सम्बन्धित देशको नागरिकता जारी गर्ने निकायले जारी गरेको प्रमाण<br>• नेपालमा जन्म भइ स्थायी बसोबास गरि रहेको व्याहोरा खुल्ने स्थानीय निकायको सिफारिस<br>• जन्मदर्ता तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि<br>• विदेशी नागरिकता त्याग गरेको प्रमाण पत्र<br>• आमाको सनाखत<br>• ऐनको अनुसूची बमोजिमको ढाँचामा सपथग्रहण | निवेदनमा रु.१० को टिकट | | | |
| ७. | नागरिकता प्रमाण पत्रको प्रतिलिपि जारी गर्ने | नागरिकता शाखा | १०७ | **अभिलेख फेलापरेको हकमा**<br>• स्थानीय निकायको सिफारिस सहितको निवेदन<br>• नागरिकताको सक्कलै प्रति<br>• कार्यालयको अभिलेख भिडानउने<br>**अभिलेख फेला नपरेको हकमा**<br>• अभिलेख नभएको र पुरानो नागरिकताको प्रमाण पत्र पेश गर्न नसक्नेको हकमा स्थानीय निकायबाट फोटो सहित प्रमाणित गरिएको सिफारिस सहित अनुसूची १ ढाँचाको निवेदन<br>• नयाँ प्रकृया गर्नु पर्ने<br>**बसाइ सरी आउनेको हकमा**<br>• स्थानीय निकायको सिफारिस सहितको निवेदन<br>• वसाइ सराइको दर्ता प्रमाण पत्र | निवेदनमा रु.१० को टिकट | प्रमाण पुगेको हकमा सोही दिनमा | प्रशासकीय अधिकृत | स.प्र.जि.अ. |



कृष्णानन्द जोशी
प्रशासकीय अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | • सम्बन्धित जिल्लाको अभिलेख<br>• बाबु/आमा, पति/पत्नी वा तीन पुस्ता भित्रको नाता खुलेको सनाखत गर्ने व्यक्ति र निजको नागरिकता प्रमाण पत्रको प्रतिलिपि<br>• अभिलेख फेला नगरेको हकमा नयाँ प्रकृयाबाट नागरिकता जारी गर्ने<br><br>**विवाह भइ आउने महिलाको हकमा**<br><br>• स्थानीय निकायको सिफारिस सहितको निवेदन<br>• विवाह दर्ता प्रमाणपत्र<br>• पतिको नागरिकता र सनाखत<br>• पतिको मृत्यु भएको हकमा घर तर्फको तीन पुस्ता भित्रको नाता खुलेको सनाखत गर्ने व्यक्ति र निजको नागरिकता प्रमाण पत्रको प्रतिलिपि<br>• पतिको मृत्यु दर्ता प्रमाण<br>• सम्बन्धित जिल्लाको अभिलेख<br>• अभिलेख फेला नपरेको हकमा नयाँ प्रकृयाबाट जारी गरिने | | | | |
| ८. | नागरिकता प्रमाणपत्रमा उल्लेखित विवरण सच्याउने(थर वा उमेर वा सानातिना त्रुटी) | नागरिकता शाखा | १०७ | • विवरण सच्याउनु पर्नाको कारण सहितको निवेदन<br>• नागरिकताको सक्कल प्रति<br>• थर, जन्ममिति र ठेगाना फरक परेको पुष्टि गर्ने कागजातहरु<br>• विवाहित महिलाको पतिको थर, ठेगाना कायम गर्नु पर्ने वा परिवर्तन गर्नपर्ने भएमा विवाह दर्ता र नागरिकताको सक्कल प्रति, अदालतबाट नाता कायम भएको प्रमाण, अघिल्लो पतिको मृत्यु भएको भए मृत्यु दर्ता प्रमाण पत्र<br>• सम्बन्ध विच्छेद भएकी महिलाको हकमा सम्बन्ध विच्छेदको अदालती फैसला र नागरिकताको सक्कल प्रति | निवेदनमा रु.१० को टिकट | प्रमाण पुगेको हकमा सोही दिन | प्रशासकीय अधिकृत | स.प्र.जि.अ. |
| ९. | नागरिकता परित्याग | नागरिकता शाखा | १०७ | • अनुसूची ९ बमोजिमको ढाँचाको सूचना<br>• नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल प्रति<br>• नेपाली राहदानी लिएको भए सक्कलै प्रति<br>• विदेशी नागरिकताको प्रमाण पत्र<br>• निवेदक स्वयमको सनाखत र नेपाली कुटनीतिक नियोग मार्फत प्राप्त भएका सूचनाकोहकमा सम्बन्धित नियोगबाट भएको सनाखत<br>• नेपाली नगारिकता र राहदानी हराएको भए राष्ट्रियस्तरको पत्र पत्रिकामा सूचना प्रकाशित गरी फेला नपरेको भए सम्बन्धित प्रहरी कार्यालयको पत्र | निवेदनमा रु.१० को टिकट | प्रमाण पुगेको हकमा सोही दिन | प्र.जि.अ. | |
| १०. | पुनः<br><br>नेपाली नागरिकता कायम गर्ने | नागरिकता शाखा | १०७ | • अनुसूची ११ बमोजिमको ढाँचामा निवेदन<br>• नागरिकता त्याग गर्नु अघिको नेपाली नागरिकताको फोटोकपी । सो नभएमा नागरिकता लिएको मिति र नागरिकता त्याग गरेको मिति ।<br>• विदेशको नागरिकता त्याग गरेको निस्सा<br>• पहिले नागरिकता परित्याग गर्ने व्यक्ति हो भन्ने कुराको यकिन गर्ने । | निवेदनमा रु.१० को टिकट | प्रमाण पुगेको हकमा सोही दिन | प्र.जि.अ. | |
| ११. | नावालक परिचय पत्र प्रदान गर्ने | नागरिकता शाखा | १०७ | • स्थानीय निकायको फोटो प्रमाणित सहितको सिफारिस<br>• स्थानीय निकायबाट अविभावक संगको नाता प्रमाणित<br>• अविभावकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि<br>• अविभावकको सनाखत<br>• सक्कल जन्मदर्ता वा शैक्षिक योग्यताको प्रमाण पत्र र सो को प्रतिलिपि<br>• बसाइ सरी आउनेको हकमा बसाइ सराइको प्रमाण<br>• कर्मचारी परिवारको हकमा सम्बन्धित कार्यालयको सिफारिस<br>• २ प्रति थप फोटो | निवेदनमा रु.१० को टिकट | प्रमाण पुगेको हकमा सोही दिन | प्रशासकीय अधिकृत | स.प्र.जि.अ. |
| १२. | राहदानी सिफारिस गर्ने | राहदानी शाखा | १०१ | • मापदण्ड अनुसार भरिएको फाराम २ प्रति<br>• सक्कल नागरिकता र सो को प्रतिलिपि १ प्रति<br>• ऱ साइजको फोटो ५ प्रति<br>• अन्य जिल्लाबाट जारी भएको नागरिकता प्रमाण पत्र भएमा बसाइसराइको प्रमाण पत्र र सम्बन्धित जिल्लाबाट नागरिकता भिडेको पत्र<br>• राहदानी लिइ सकेको भए पुरानो राहदानीको सक्कल<br>• कर्मचारीको हकमा सम्बन्धित कार्यालयको सिफारिस | निवेदनमा रु.१० को टिकट<br><br>जिल्ला बाट लिएमा रु.५०००<br><br>र केन्द्रबाट लिएमा रु. | प्रमाण पुगेको हकमा सोही दिन | प्रशासकीय अधिकृत | स.प्र.जि.अ. |



कृष्णानन्द जोशी
प्रशासकीय अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | **राहदानी हराएको सम्बन्धमा थप :**<br>• राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ७ दिनको सूचना प्रकाशन गरेको प्रमाण<br>• राहदानी हराएको सम्वन्धि प्रहरी प्रतिवेदनको सक्कल प्रति<br>**नावालकको हकमा थप**<br>• नावालिग परिचय पत्र र त्यसको प्रतिलिपि<br>• बावु वा आमा वा संरक्षकको नाता प्रमाणित र त्यसको प्रतिलिपि<br>• बावु वा आमा वा संरक्षकको नागरिकता र त्यसको प्रतिलिपि | १०,०००<br>हराएको राहदानीको हकमा रु.१०,००० | | | |
| १३. | उमेर, नाम वा जात सच्याउन सिफारिस गर्ने | स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा | २०८ | • रु. १० को टिकट सहितको निवेदन<br>• शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि<br>• नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>• सम्वन्धित स्थानीय तहको सिफारिस | निवेदनमा रु. १० को टिकट | प्रमाण पुगेको हकमा सोही दिन | प्रशासकीय अधिकृत | स.प्र.जि.अ. |
| १४. | संघ संस्था दर्ता तथा नविकरण | संघ संस्था तथा पत्र पत्रिका दर्ता शाखा | २०७ | • तोकिएको ढाँचा बमोजिमको निवेदन<br>• साधारण सभाको निर्णय<br>• पदाधिकारीहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>• पदाधिकारीहरुद्वारा हस्ताक्षर गरिएको ३ प्रति प्रस्तावित विधान<br>• स्थानीय तहको सिफारिस<br>• पदाधिकारीहरुको चालचलन सम्बन्धि प्रहरी प्रतिवेदन<br>• सम्वन्धित निकायको राय (आवश्यकतानुसार)<br>**नविकरणको लागी थप:**<br>• संस्थाको पत्र<br>• अघिल्लो आ.व.को लेखापरिक्षण प्रतिवेदन<br>• संस्था दर्ता प्रमाणपत्रको सक्कल प्रति<br>• कर चुक्ता प्रमाण पत्र<br>• स्थानीय तहको सिफारिस | निवेदनमा रु १० को टिकट<br>दर्ता शुल्क रु. १०००<br>नविकरण शुल्क रु. नियमानुसार | प्रमाण पुगेको हकमा सोही दिन | स.प्र.जि.अ.<br>नविकरणको लागी प्रशासकीय अधिकृत | प्र.जि.अ<br>नविकरणको लागी स.प्र.जि.अ. |
| १६ | संघ संस्थाको विधान संशोधन | संघ संस्था तथा पत्र पत्रिका दर्ता शाखा | २०७ | • संस्थाको पत्र<br>• साधारण सभाको निर्णय (दुइतिहाई)<br>• संशोधन गर्नुपरेको कारण खुलेको तीन महले फाराम<br>• संस्था नविकरण भएको प्रमाणपत्र | निवेदनमा रु. १० टिकट | प्रमाण पुगेको हकमा सोही दिन | स.प्र.जि.अ. | प्र.जि.अ. |
| १७. | संघ संस्थाको शाखा खोल्ने स्वीकृती | संघ संस्था तथा पत्र पत्रिका दर्ता शाखा | २०७ | • संस्थाको पत्र<br>• कार्यासमितिको निर्णय<br>• संस्था नविकरणको प्रमाण<br>• संस्थाको विधान एक प्रति<br>• स्थानीय तहको सिफारिस | निवेदनमा रु. १० को टिकट | प्रमाण पुगेको हकमा सोही दिन | स.प्र.जि.अ. | प्र.जि.अ. |
| १८. | पत्रपत्रिका दर्ता | संघ संस्था तथा पत्र पत्रिका दर्ता शाखा | २०७ | • तोकिएको ढाँचा बमोजिमको निवेदन<br>• सम्पादकको शैक्षिक योग्यताको प्रमाण पत्र<br>• प्रकाशकले संपादकलाई नियुक्ति गरेको पत्रको प्रतिलिपि<br>• छापाखाना दर्ता प्रमाणपत्रको प्रतिलिपी<br>• इजाजतपत्रको प्रतिलिपि<br>• सम्पादकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि | निवेदनमा रु. १० को टिकट र नियमानुसारको दस्तुर | प्रमाण पुगेको हकमा सोही दिन | प्रशासकीय अधिकृत | स.प्र.जि.अ. |



कृष्णानन्द जोशी
प्रशासकिय अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १९ | विवाह दर्ता (ञ्यगचत बचचष्बनम० | मुद्दा शाखा | २०६ | • पति पत्नी दुवैको फोटो टासिएको तोकिएको ढाँचा बमोजिमको निवेदन<br>• केटा र केटी दुवैको नागरिकता प्रमाण पत्रको प्रतिलिपि वा बीस वर्ष पुराभएको उमेर खुलेको प्रमाण<br>• हाड नाता नपर्ने स्थानीय तहको किटानी सिफारिस ।<br>• अविवाहित भएको व्यहोरा खुलेको स्थानीय तहको सिफारिस<br>• तिन जना (माइती तथा घर तर्फको नाम खुलेको) साक्षीहरुको नागरिकता र सनाखत<br>• ४/४ प्रति पासपोर्ट साइजको फोटो<br><br>**विदेशीको हकमा**<br><br>• म्याद नसकिएको राहदानी तथा भिषा र त्यसको प्रतिलिपि<br>• सम्वन्धित दुतावासको ल्य इदबभअतप्यल ि‍भततभच<br>• १५ दिन नेपाल बसेको प्रमाण<br>• चालचलन सम्वन्धि प्रहरी प्रतिवेदन<br>• तिन जना साक्षीहरुको नागरिकता र सनाखत | निवेदनमा रु. १० को टिकट | निवेदन दिएको १५ दिनमा | स.प्र.जि.अ. | प्र.जि.अ. |
| २०. | मुद्दा सम्वन्धि | मुद्दा शाखा | २०६ | **ठाडो उजुरीको हकमा**<br><br>• पूर्ण व्यहोरा खुलेको निवेदन<br>• निवेदकको नागरिकता वा पहिचान खुल्ने प्रमाण<br><br>**अन्य मुद्दाको हकमा**<br><br>• प्रचिलित कानून बमोजिम | निवेदनमा रु.१० को टिकट | मुद्दाको अंग पुगेपछि | स.प्र.जि.अ. | प्र.जि.अ. |
| २१. | हातहतियारको इजाजत | मुद्दा शाखा | २०६ | • तोकिएको ढाँचाको निवेदन<br>• नागरिकताको प्रमाणपत्र र त्यसको प्रतिलिपि<br>• स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र<br>• चालचलन सम्वन्धि प्रहरी प्रतिवेदन | निवेदनमा रु. १० को टिकट र नियमानुसारको दस्तुर | प्रमाण पुगेको हकमा सोही दिन | स.प्र.जि.अ. | प्र.जि.अ. |
| २२. | हातहतियार को इजाजत नविकरण | मुद्दा शाखा | २०६ | • तोकिएको ढाँचामा निवदेन<br>• इजाजत सक्कल प्रति | निवेदनमा रु. १० को टिकट र नियमानुसारको दस्तुर | प्रमाण पुगेको हकमा सोही दिन | स.प्र.जि.अ. | प्र.जि.अ. |
| २३. | हातहतियारको इजाजत नामसारी | | २०६ | **नामसारी (मृतकको हकमा)**<br><br>• अनुसूची-१ बमोजिम ढाँचाको निवेदन<br>• निजको सबै भन्दा नजिकको हकदारको प्रमाण र त्यसको प्रतिलिपि<br>• मृतकको मृत्यु दर्ता प्रमाणपत्र<br>• नामसारी गरि लिनेको नागरिकताको प्रतिलिपि<br>• नामसारी गरि लिनेको स्वीकृत चिकित्सकबाट जारी निरोगिताको प्रमाणपत्र<br>• इज्जाजत पत्रको प्रमाण पत्र<br>• नामसारी गरि लिनेको चालचलन सम्वन्धि प्रहरी प्रतिवेदन<br>• अन्य हकवाला भए मन्जुरीनामा<br><br>**नामसारी (मृतकको हकमा)**<br><br>• अनुसूची १७ बमोजिम ढाँचाको निवेदन<br>• हक छोड्ने र लिनेको निवेदन<br>• हक छोड्ने र लिने दुवैको नागरिकताको प्रतिलिपि<br>• नामसारी गरि लिनेको हकमा स्वीकृत चिकित्सकवाट जारी निरोगिताको प्रमाणपत्र<br>• नामसारी गरि लिनेको चालचलन सम्वन्धि प्रहरी प्रतिवेदन | निवेदनमा रु. १० को टिकट र नियमानुसारको दस्तुर | प्रमाण पुगेको हकमा सोही दिन | स.प्र.जि.अ. | प्र.जि.अ. |

नेपाल सरकार
गृह मन्त्रालय
प्रशासन कार्यालय

कृष्णानन्द जोशी
प्रशासकिय अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २४. | नाता प्रमाणित सिफारिस | स्थानीय प्रशासन शाखा | २०८ | • नागरिकता प्रमाण पत्रको प्रतिलिपि<br>• नाता खुल्ने प्रमाणहरु | निवेदनमा रु.१० को टिकट | प्रमाण पुगेको हकमा सोही दिन | प्रशासकीय अधिकृत | स.प्र.जि.अ |
| २५. | प्रकोप पिडितलाइ राहत वितरण गर्ने | जिल्ला आपतकालीन कार्य सञ्चालन शाखा | | • निवेदन<br>• घट्नाको रङ्गिन फोटो<br>• गा.पा./न.पा.को सिफारिस<br>• प्रहरी सर्जमिन मुचुल्काको सक्कल<br>• नागरिकता प्रमाणपत्रको प्रतिलिपि | निवेदनमा रु.१० को टिकट | प्रमाण पुगेको हकमा सोही दिन | स.प्र.जि.अ. | प्र.जि.अ. |
| २६. | शान्ति सुरक्षा प्रदान गर्ने | स्थानीय प्रशासन शाखा | २०८ | • लिखित वा मौखिक निवेदन | निवेदनमा रु.१० को टिकट | प्रमाण पुगेको हकमा सोही दिन | स.प्र.जि.अ. | प्र.जि.अ. |
| २७. | आदिवासी/जनजाती/मधेसी/दलित प्रमाणित | स्थानीय प्रशासन शाखा | २०८ | • निवेदन<br>• गा.पा/न.पा.को सिफारिस<br>• नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>• कार्यरत कर्मचारी वा निजको परिवार भए सम्बन्धित कार्यालयको सिफारिस<br>• बेजिल्लाको हकमा बसाइ सराइको प्रमाण | निवेदनमा रु.१० को टिकट | प्रमाण पुगेको हकमा सोही दिन | प्रशासकीय अधिकृत | स.प्र.जि.अ |
| २८. | अपांगता प्रमाणित | स्थानीय प्रशासन शाखा | २०८ | • निवेदन<br>• अपांगता परिचय पत्रको प्रतिलिपि<br>• नागरिकता प्रमाण पत्रको प्रतिलिपि<br>• कर्मचारी वा निजको परिवार भए कार्यालयको सिफारिस | निवेदनमा रु.१० को टिकट | प्रमाण पुगेको हकमा सोही दिन | प्रशासकीय अधिकृत | स.प्र.जि.अ. |
| २९. | दुर्घटना क्षतिपूर्ति | मुद्दा शाखा | २०६ | • निवेदन<br>• मृतक र क्षतिपूर्ति लिने बीचको नाता प्रमाणित<br>• मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि<br>• मृतकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>• क्षतिपूर्ति लिनेको नागरिकता प्रमाण पत्रको प्रतिलिपि | निवेदनमा रु.१० को टिकट | प्रमाण पुगेको हकमा सोही दिन | स.प्र.जि.अ. | प्र.जि.अ. |
| ३०. | भारतीय पेन्सन नामसारीको सिफारिस | स्थानीय प्रशासन शाखा | २०८ | • निवेदन<br>• एकमात्र हकदार भएको व्यहोराको सम्बन्धित गा.पा./न.पा.को सिफारिस<br>• मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि<br>• नाता प्रमाणित<br>• हकदारको नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>• एक भन्दा बढी हकदारहरु भए मन्जुरीनामा<br>• पेन्सन पट्टाको फोटोकपी<br>• पेन्सनपट्टा लगायतमा विविरण फरक परी संशोधन गर्नु परेमा विवरण फरक परेका सम्बन्धित कागजातहरु<br>• आवश्यकता अनुसार प्रहरी सर्जमीन मुचुल्का | निवेदनमा रु.१० को टिकट | प्रमाण पुगेको हकमा सोही दिन | स.प्र.जि.अ. | प्र.जि.अ. |
| ३१. | राष्ट्रिय परिचय पत्र दर्ता/ईन्ट्रि | राष्ट्रिय परिचयपत्र वितरण शाखा | १०४ | • व्यक्ति स्वयम उपस्थित हुनुपर्ने<br>• नेपाली नगारिकता तथा शैक्षिक योग्यताका प्रमाण पत्रहरु<br>• अन्य जिल्ला बाट बसाइसरी आएको हकमा बसाइसराइ दर्ता प्रमाण पत्र<br>• विवाहित महिलाकोहकमा श्रीमानको नाम, ठेगाना नागरिकता प्रमाण पत्रमा उल्लेख नभएको भए विवाह दर्ता वा नाता प्रमाणितको सक्कलै प्रति । | | | | |

नेपाल सरकार
गृह मन्त्रालय
प्रशासन कार्यालय
कञ्चनपुर

कृष्णानन्द जोशी
प्रशासकिय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

क) निर्णय गर्ने प्रक्रिया:

- सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ एवं सूचनाको हकसम्बन्धी ऐन, २०६४ लगायत प्रचलित कानून बमोजिम ।

ख) निर्णय गर्ने अधिकारी:

- प्रमुख जिल्ला अधिकारी
- सहायक प्रमुख जिल्ला अधिकारी तथा प्रशासकीय अधिकृत (अधिकार प्रत्यायोजन भए बमोजिम)

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- प्रचलित कानून बमोजिम ।

९. सम्पादन गरेको कामको विवरण

क. नागरिकता वितरण सम्वन्धी विवरण

| क.सं | विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | नयाँ नागरिकता | ४२३१ | ४०४३ | ८२४४ |
| २ | प्रतिलिपि नागरिकता | २५२७ | २४३२ | ४९५९ |
| ३ | वैवाहिक नागरिकता | ७ | ० | ७ |
| ४ | नागरिकता परित्याग | १ | ० | १ |
| ५ | नावालक परिचयपत्र | ४६ | ५२ | ९८ |

ख. राहदानी वितरण सम्वन्धी विवरण

| क.सं. | विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | जिल्लाबाट राहदानी वितरण | ४६२ | २३१६ | २७७८ |
| २ | राहदानी सिफारिस | २८० | १४५३ | १७३३ |

कृष्णानन्द जोशी
प्रशासकिय अधिकृत

ग. सिफारिस/प्रमाणित सम्वन्धी विवरण

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय कञ्चनपुर

| क.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | नाम,थर,जन्ममिति प्रमाणित | ११८० | |
| २ | आदिवासी जनजाति प्रमाणित | १३१० | |
| ३ | दलित सिफारिस | ११०० | |
| ४ | मधेशी प्रमाणित | १० | |
| ५ | व्यक्तिगत चालचलन प्रमाणित | १०५० | |

घ. मुद्दाको विवरण

| क.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | अ.ल्या मुद्दा | २३३ |
| २. | हालसम्म मुद्दा दर्ता संख्या | ४१४ |
| ३. | फछर्यौट भएका संख्या | १४० |
| ४. | फछर्यौट हुन वांकी कुल मुद्दा संख्या | २७४ |
| ५. | हालसम्म भएको जरिवाना | ३८०९७५ |
| ६. | असुल भएको जरिवाना | ३२०००० |
| ७. | लगत कसी सदरस्याहा गर्नुपर्ने जरिवाना | ६०९७५ |
| ८. | धरौटी फिर्ता | ७८५१७५ |
| ९. | ठाडो उजुरी दर्ता संख्या | ११० |
| १०. | फछर्यौट भएका ठाडो उजुरी | ११० |
| ११. | फछर्यौट हुन वांकी | ० |

ङ. जनगुनासो ठाडो उजुरी सम्वन्धी विवरण

| क.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | जनगुनासो ठाडो उजुरी दर्ता संख्या | ४० |
| २ | जनगुनासो फछर्यौट भएका ठाडो उजुरी | ४० |
| ३ | जनगुनासो फछर्यौट हुन वांकी | ० |

च. द्वन्द्ध व्यवस्थापन सम्वन्धी विवरण

| क.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | निवेदन दर्ता संख्या | २४ |
| २. | निवेदन फछर्यौट संख्या | २४ |

कृष्णानन्द जोशी
प्रशासकिय अधिकृत

छ. संघ/संस्था दर्ता/नविकरण व्यवस्थापन सम्वन्धी विवरण

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | संस्था दर्ता | ६० |
| २. | संस्था नविकरण | ३४० |

ज. हातहतियार नविकरण सम्वन्धी विवरण

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | हातहतियार नविकरण | ९४ |

झ. पत्रपत्रिका दर्ता सम्वन्धी विवरण

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | दैनिक पत्रिका | ५ |
| २. | साप्ताहिक पत्रिका | २ |
| ३. | त्रैमासिक पत्रिका | १ |

ञ. विपद घटना सम्वन्धी विवरण

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | विपद घटना संख्या | ६९ वटा | |
| २ | प्रभावित परिवार संख्या | - | विवरण प्राप्त नभएको |
| ३ | विपद्बाट मृत्यु हुने संख्या | मानिस १२, चौपाया४ | |
| ४ | विपद्बाट घाइते संख्या | मानिस १५, चौपाया ७ | |
| ५ | विपद्बाट संरचना क्षति संख्या | १११ वटा | घर, गोठ, विद्यालय |
| ६ | आंशिक घरक्षति | ८९ वटा | |
| ७ | गोठ क्षति | १९ वटा | |
| ८ | अनुमानित आर्थिक क्षति | - | विवरण प्राप्त नभएको |
| ९ | करेन्ट लागेर मृत्यु हुने संख्या | मानिस ३, चौपाया १ | |
| १० | भिलमा वेरिएर मृत्यु हुने संख्या | मानिस १ | |
| ११ | आगलागिबाट मृत्यु | मानिस २, चौपाया ३ | |
| १२ | आगलागिबाट घर क्षति | ११ वटा | |
| १३ | हावाहुरीबाट घर क्षति | ७६ वटा | छाना उडाएको |
| १४ | विपद व्यवस्थापनमा आर्थिक सहायता | - | विवरण प्राप्त नभएको। |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

कृष्णानन्द जोशी
प्रशासकिय अधिकृत

ट. राष्ट्रिय परिचय पत्र वितरण संकलन

| क्र.सं. | विवरण | संकलित संख्या | वितरित संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | राष्ट्रिय परिचय(पत्र वितरण संकलनको जम्मा संख्या | १००९७ | ४४ | |

ठ. सवारी पास सम्बन्धी विवरण:

| क.स. | विवरण | जारी भएका संख्या | कैफियत |
|---|---|---|---|
| १. | डिजिटल पास | ४२८ | - |
| २. | म्यानुअल पास | ३४० | लकडाउन बाहेक |
| ३. | म्यानुअल पास | १०७२ | लकडाउन अवधिमा |
| जम्मा | | १,८४० | |

१०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

क. कार्यालय प्रमुख:

नाम: **नूरहरि खतिवडा**

पद: प्रमुख जिल्ला अधिकारी

मोबाइल नम्बर: ९८५८०७३७७७

ख. सूचना अधिकारी:

नाम: **कृष्णानन्द जोशी**

पद: प्रशासकीय अधिकृत

मोबाइल नम्बर:९८४७५०९९५७

११. ऐन, नियम र निर्देशिकाको सूची

- स्थानीय प्रशासन ऐन, २०२८
- नेपाल नागरिकता ऐन, २०६३
- विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- लागु औषध (नियन्त्रण ) ऐन, २०३३
- हातहतियार तथा खरखजाना ऐन, २०१८

कृष्णानन्द जोशी
प्रशासकिय अधिकृत

- आवश्यक पदार्थ नियन्त्रण (अधिकार ) ऐन, २०१७
- आवश्यक वस्तु संरक्षण ऐन, २०१२
- मुलुकी अपराध (संहिता ) ऐन, २०७४
- मुलुकी फौजदारी कार्यविधि (संहिता), २०७४
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४
- भ्रष्टाचार निवारण ऐन, २०५९
- राहदानी ऐन, २०६४
- सार्वजनिक सुरक्षा ऐन, २०४६
- संस्था दर्ता ऐन, २०३४
- उपभोक्ता हित संरक्षण ऐन, २०७५
- जग्गा प्राप्ति ऐन, २०३४
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- सूचनाको हक सम्बन्धी ऐन, २०६४
- सूचनाको हकसम्बन्धी नियमावली, २०६५
- नेपाली नागरिकता नियमावली, २०६३
- राहदानी नियमावली, २०६७
- संस्था दर्ता नियमावली, २०३४
- हातहतियार तथा खरखजाना नियमावली, २०२८
- सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५
- विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६
- गृह प्रशासन सुधार कार्ययोजना, २०७४
- नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६८
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६८
- प्रकोप पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०६४
- गृह मन्त्रालय र अन्तर्गत कार्यरत कर्मचारीहरुको आचारसंहिता, २०६९
- कालोबजारी नियन्त्रण तथा केही सामाजिक अपराध तथा सजाय ऐन, २०३२
- मानवरहित हवाई उपकरण उडान सम्बन्धी कार्यविधि, २०७५
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन कार्यविधि, २०७५
- राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (प्रथम संसोधन, २०७५)

कृष्णानन्द जोशी
प्रशासकिय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
प्रशासन कार्यालय
कञ्चनपुर

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

क. राजश्व संकलन सम्बन्धी विवरण

| क.सं. | राजश्व शिर्षक | राजस्व शिर्षक | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | ११६२२ | हातहतियारको इजाजतपत्र दस्तुर | ६,६००। | |
| २. | १४२२७ | राहदानी शुल्क | १,४१,९१,७४५। | |
| ३. | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | २,७९,३५०। | |
| ४. | १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ५,४०,२९०। | |
| ५. | १४२२४ | परीक्षा शुल्क | २७,७००। | |
| ६. | १४२५७ | हातहतियारको इजाजतपत्र दस्तुर | २८,७००। | |
| जम्मा | | | १,५०,७४,३८५। | |

ख. कार्यालय खर्च सम्वन्धी विवरण

| क.सं. | बजेट | अन्तिम बजेट | हालसम्मको खर्च | कैफियत |
|---|---|---|---|---|
| १. | चालु | १,९३,४३,८०८। | १,८६,५९,६०७। | |
| २. | पूँजीगत | १७,००,०००। | १६,९७,३७०।५० | |
| जम्मा | | २,१०,४३,८०८। | २०३५६९७७।५० | |

ग. राष्ट्रिय परिचय पत्र वितरण कार्यक्रम तर्फ

| क.सं. | बजेट | अन्तिम बजेट | हालसम्मको खर्च | कैफियत |
|---|---|---|---|---|
| १. | चालु | २,४९,३३,०००। | ६१,०९,७२०।५० | |
| २. | पूँजीगत | - | - | |
| जम्मा | | २,४९,३३,०००। | ६१,०९,७२०।५० | |

कृष्णानन्द जोशी
प्रशासकिय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

१३. तोकिए बमोजिमका अन्य विवरण

क. कोभिड-१९ प्रतिकार्यका लागि भएका क्रियाकलापहरूको विवरण

| क.सं. | विवरण | भए गरेका कामहरूको विवरण |
|---|---|---|
| १. | समन्वयको लागि | - संघ, प्रदेश र स्थानीय तहहरुबीच समन्वय भइरहेको,<br>- ०७६।११।२३ गते सीमा नाकामा स्वास्थ्य परीक्षणका लागि हेल्थ डेस्क स्थापना र यात्रु स्क्रिनिङ् गर्ने निर्णय तथा आवश्यक क्वारेन्टीन र महाकाली अस्पतालमा आइसोलेसन वार्ड स्थापना गर्ने निर्णय<br>- जिल्ला सुरक्षा समितिका सम्पूर्ण सदस्यसहित अन्य क्षेत्रगत, विषयगत विज्ञ तथा जानकारहरु समेत रहेको कमाण्ड पोष्ट गठन,<br>- प्र.जि.अ.को संयोजकत्वमा कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रण जिल्लास्तरीय समिति गठन (०७६।१२।०८ गते),<br>- सबै स्थानीय तहका प्रमुख र स्वास्थ्य संयोजकसहितको समन्वय बैठक आयोजना,<br>- स्थानीय तहहरुले जिल्ला प्रशासन कार्यालयमा रिपोर्टिङ् गर्ने गरेको,<br>- गृह मन्त्रालयमा COVID-19 सम्बन्धी विवरणसहित दैनिक नियमित रिपोर्टिङ गरिएको,<br>- सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्रीको कार्यालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयहरुसँग नियमित सम्पर्क, समन्वय र रिपोर्टिङ् हुने गरेको,<br>- प्र.जि.अ. तथा स.प्र.जि.अ.तथा सुरक्षा निकायका प्रमुखहरुबाट ९ वटै स्थानीय तहहरुको कोरोना जोखिम न्यूनीकरणको पूर्वतयारी र कार्यान्वयनको अनुगमन हुने गरेको,<br>- सीमा क्षेत्रबाट अवैध रुपमा नेपाल प्रवेश गर्ने नागरिकहरुको क्वारेन्टीन, स्वास्थ्य परीक्षणलगायत सम्पूर्ण व्यवस्थापनको लागि प्रशासकिय अधिकृत श्री खगेन्द्र भारतीको संयोजकत्वमा सहसेनानी श्री कृष्ण भण्डारी, प्रहरी निरीक्षक श्री राजेश शाही, सशस्त्र प्रहरी निरीक्षक श्री विष्णु अवस्थी र अनुसन्धान अधिकृत श्री मोहनलाल डि.सी. सदस्य रहने गरी कार्यदल गठन गरिएको (०७७।०२।०४ गते), |
| २. | विभिन्न बैठक सञ्चालन | - सिएमसि: १२ वटा बैठक,<br>- जिल्ला सुरक्षा समिति: दैनिक १ पटक बैठक बस्ने गरेको ।<br>- जिल्ला विपद् व्यवस्थापन समिति: एउटा (०७६।११।२३ गते),<br>- कमाण्ड पोष्ट: सुरक्षा समितका पदाधिकारी र आवश्यकता अनुसारका अन्य व्यक्तिलाई झिकाई नियमित बैठक बस्ने गरेको, |
| ३. | जनचेतना फैलाउन | - कोभिड १९ को सम्भावित संक्रमणको रोकथाम, नियन्त्रण र सजगता अपनाउन सरकारी कार्यालयहरु, स्थानीय तह, सञ्चार माध्यमहरु, नागरिक समाज, पेशाकर्मीहरुसँगको सहकार्यमा सचेतनामूलक अभियान सञ्चालन गरिएको,<br>- होली (फागू पूर्णिमा) मा शान्ति सुरक्षाको अवस्था बिग्रिन नदिन र कोभिड-१९ को असर न्यूनीकरण गर्न भीडभाडमा होली नखेल्न, अनावश्यक जमघट नगरी शान्तिपूर्वक रुपमा होली मनाउन सूचना जारी गरिएको,<br>- मनोसामाजिक परामर्शको लागि स्वास्थ्य कार्यालय, स्वास्थ्य संयोजकलाई जिम्मेवारी दिइएको,<br>- सञ्चारमाध्यम तथा सामाजिक सञ्जालबाट गलत, भ्रामक र अफवाह फैलाउने सूचना प्रकाशन प्रसारण गर्नेलाई |



कृष्णानन्द जोशी
प्रशासकिय अधिकृत

| | | |
|---|---|---|
| | | कारबाही गर्ने निर्णय (०७६।१२।०९ गते),<br>- दैनिक फेसबुक अपडेट गर्ने गरिएको, सञ्चार माध्यममा जानकारी, अन्तर्वाताहरु दिने गरिएको र आवश्यक देखिएको बेला विज्ञप्तिहरु समेत निकाल्ने गरिएको, |
